ऐन नं.०१

भैरबी गाउँपालिका
भैरीकालिकाथुम, दैलेख

# आर्थिक ऐन, २०७४

गाउँ सभाबाट पारित मिति : २०७४।०३।३०

**भैरबी गाउँपालिका**

०७४।३।३०
प्रेमबहादुर बुढा
अध्यक्ष

# उद्देश्य र कारण

भैरबी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न केही कर, शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालु राख्न, हेरफेर गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकको व्यवस्थाले राजस्व, कर, शुल्क, र दस्तुरको निर्धारण, त्यस्तो कर दस्तुरको दर बढाउने, घटाउने व्यवस्थाको साथै सेवा दस्तुर, पूर्वाधार कर, सडक निर्माण तथा सम्भार दस्तुर र सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन दस्तुर, वन पैदावार शुल्क लगायतका शुल्क, दस्तुर, कर सम्बन्धी व्यवस्थाहरुलाई समयानुकुल निर्धारण गरिएको छ ।

द्रष्टव्य: यो विधेयक अर्थ विधेयक हो ।

(पदम कुमारी विष्ट)
उपाध्यक्ष, भैरबी गाउँपालिका

प्रेमबहादुर बुढा
अध्यक्ष

# भैरबी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना :**

भैरबी गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम भैरबी गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि भैरबी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पत्ति कर :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४. घर वहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

**५.व्यवसाय कर वा दर्ता शुल्क :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम कर वा दर्ता शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लागइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

प्रेमबहादुर बुढा
अध्यक्ष

**९. मनोरन्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र हुने आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ उपलब्ध गराए बापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४. पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको कर छुट दिइनेछैन ।

**१६. कर तथा संकलन सम्बन्धी कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

प्रेमबहादुर बुढा
अध्यक्ष

अनुसूची - १

(दफा २ संग सम्बन्धित)

## गाउँपालिकाले लगाउने सम्पत्ति कर

| सि.नं. | सम्पत्तिको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

अनुसूची - २

(दफा ३ संग सम्बन्धित)

## गाउँपालिकाले लगाउने भूमि कर (मालपोत)

| सि.नं. | जग्गाको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| १. | प्रतिरोपनी (सवै प्रकारको जग्गा) | रु.५।- | - |

अनुसूची - ३

(दफा ४ संग सम्बन्धित)

## गाउँपालिकाले लगाउने घरवहाल कर

| सि.नं. | घरको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

अनुसूची - ४

(दफा ५ संग सम्बन्धित)

## गाउँपालिकाले लगाउने व्यावसाय दर्ता शुल्क

**(क)व्यावसाय दर्ता तथा नवीकरण शुल्कः**

| सि.नं. | व्यावसायको प्रकार | दर्ता शुल्क | नवीकरण शुल्क |
|---|---|---|---|
| १. | चिया नास्ता पसल | रु. २०० | रु. १०० |
| २. | खाना, खाजा होटल | रु. ५०० | रु. २५० |
| ३. | खाद्य/किराना पसल | रु. ५०० | रु.२५० |
| ४. | काँचो कपडा पसल | रु. ८०० | रु. ४०० |
| ५. | फेन्सी पसल | रु. ६०० | रु. ३०० |
| ६. | हार्डवेयर पसल | रु. १००० | रु. ५०० |
| ७. | भाँडा पसल | रु. ८०० | रु. ४०० |
| ८. | औषधी पसल | रु. १००० | रु. ५०० |
| ९. | एग्रोभेट | रु. ५०० | रु.२५० |
| १०. | मदिरा पसल | रु. २००० | रु. १००० |
| ११. | अन्य | रु. ५०० | रु. २५० |



प्रेमबहादुर बुढा
अध्यक्ष

भैरबी गाउँपालिका
भैरीकालिकाथुम, दैलेख

घरेलु तथा साना उद्योग दर्ता तथा नवीकरण शुल्क:

| सि.नं. | व्यांवसायको प्रकार | दर्ता शुल्क | नवीकरण शुल्क |
|---|---|---|---|
| १. | स. मिल | रु. १००० | रु. ५०० |
| २. | फर्निचर उद्योग | रु. ५०० | रु. २५० |
| ३. | ग्रिल | रु. ५०० | रु. २५० |
| ४. | कुटानी, पिसानी मील | रु. ५०० | रु. २५० |
| ५. | वाटर टर्भाइन | रु. ५०० | रु. २५० |
| ६. | वल्क उद्योग | रु. ५०० | रु. २५० |
| ७. | ईटा उद्योग | रु. ५०० | रु. २५० |
| ८. | जुत्ता उद्योग | रु. २०० | रु. १०० |
| ९. | सप्लायर्स | रु. २००० | रु. १००० |
| १०. | इन्स्टिच्युट | रु. १००० | रु. ५०० |
| ११. | अन्य | रु. ५०० | रु. २५० |

## अनुसूची - ५
(दफा ६ संग सम्बन्धित)
### गाउँपालिकाले लगाउने जडिवुटी, कवाडी र जीवजन्तु कर

| सि.नं. | करको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

## अनुसूची - ६
(दफा ७ संग सम्बन्धित)
### गाउँपालिकाले लगाउने सवारी साधन कर

| सि.नं. | सवारी साधनको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

## अनुसूची - ७
(दफा ८ संग सम्बन्धित)
### गाउँपालिकाले लगाउने विज्ञापन कर

| सि.नं. | विज्ञापनको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

प्रेमबहादुर बुढा
अध्यक्ष

अनुसूची - ८
(दफा ९ संग सम्बन्धित)
गाउँपालिकाले लगाउने मनोरञ्जन कर

भैरवी गाउँपालिका
भैरीकालिकाथुम, दैलेख

| सि.नं. | मनोरञ्जनको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

अनुसूची - ९
(दफा १० संग सम्बन्धित)
गाउँपालिकाले लगाउने बहाल विटौरी शुल्क

| सि.नं. | बहाल विटौरीको प्रकार | शुल्कको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

अनुसूची - १०
(दफा ११ संग सम्बन्धित)
गाउँपालिकाले लगाउने पार्किङ शुल्क

| सि.नं. | सवारी साधनको प्रकार | पार्किङ शुल्कको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

अनुसूची - ११
(दफा १२ संग सम्बन्धित)
गाउँपालिकाले लगाउने ट्रेकिङ, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क

| सि.नं. | ट्रेकिङ, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क को प्रकार | शुल्कको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

प्रेमबहादुर बुढा
अध्यक्ष

अनुसूची - १२
(दफा १३ संग सम्बन्धित)
**गाउँपालिकाले लगाउने सेवा शुल्क, दस्तुर**

भैरबी गाउँपालिका भैरीकालिकाथुम, दैलेख

| सि.नं. | सेवाको प्रकार | शुल्क, दस्तुरको दर | कैफियत |
|---|---|---|---|
| १. | आन्तरिक सिफारिस दस्तुर | रु. ५० | |
| २. | सम्पत्ति मूल्यांकन सिफारिस प्रतिहजार | रु. ०.८० | |
| ३. | बाह्य सिफारिस दस्तुर | रु. १०० | |
| ४. | म्याद नाघी आएका पञ्जिकरण दस्तुर | रु. १०० | |
| ५. | प्रतिलिपि पञ्जिकरण दस्तुर | रु. २१० | |

अनुसूची - १३
(दफा १४ संग सम्बन्धित)
**गाउँपालिकाले लगाउने पर्यटन शुल्क**

| सि.नं. | पर्यटकको प्रकार | शुल्कको दर | कैफियत |
|---|---|---|---|
| | - | - | - |

०७४।३।३०
प्रेमबहादुर बुढा
अध्यक्ष